# नेपाल विद्युत प्राधिकरण

## प्रधान कार्यालय, काठमाडौ

**खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रकाशित मितिः २०७६/०३/१३ गते)**

नेपाल विद्युत प्राधिकरणमा विभिन्न तह र सेवा समूहमा रिक्त अधिकृत स्तर तथा सहायक स्तरका देहायका पदहरु **लोक सेवा आयोगद्वारा** लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसीलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपुर्वकको दरखास्त आव्हान गरिएको छ । दरखास्त फाराम ने.वि.प्रा.को वेबसाइट **www.nea.org.np** वाट डाउनलोड गरि A4 साईजको फोटोकपी पेपरमा प्रिण्ट गरी सम्पुर्ण बिवरण भरी यो सूचना प्रकासन भएको मितिले **२१ दिन भित्र** अर्थात् **मिति २०७६/०४/०२** गतेसम्ममा र **दोब्बर दस्तुर तिरी मिति २०७६/०४/०९ गते** सम्ममा तोकिएका कार्यालयमा दर्ता गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ । रित नपूगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**१) अधिकृत स्तरः**

| बिज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदसंख्या | खुला/ समावेशी | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| २०७५/७६ प्रा.१०/१ | प्रवन्धक | १० | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ | खुला-१ | इलेक्ट्रिकल वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव |
| २०७५/७६ प्रा.१०/२ | प्रवन्धक | १० | प्राविधिक | सिभिल | सिभिल | २ | खुला-१, महिला-१ | सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव |
| २०७५/७६ प्र.९/३ | उपनिर्देशक | ९ | प्रशासन | प्रशासन | प्रशासन | १ | महिला-१ | स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७५/७६ प्र.९/४ | उपनिर्देशक | ९ | प्रशासन | लेखा | | १ | महिला-१ | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७५/७६ प्र.९/५ | सिनियर चार्टर्ड एकाउण्टेण्ट | ९ | प्रशासन | लेखा | चार्टर्ड एकाउण्टेन्सी | १ | खुला-१ | सिए. उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७५/७६ प्रा.९/६ | उप प्रवन्धक | ९ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | २ | खुला-१, आ.ज-१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७५/७६ प्र.८/७ | सहायक निर्देशक | ८ | प्रशासन | प्रशासन | प्रशासन | १ | खुला-१ | स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७५/७६ प्र.८/८ | सहायक निर्देशक | ८ | प्रशासन | लेखा | | १ | खुला-१ | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.८/९ | सहायक प्रवन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ | खुला-१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७५।७६ प्र.७/१० | प्रशासकीय अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | ९ | खुला-५<br>महिला-१<br>आ.ज-१<br>मधेसी-१<br>अपाङ्ग-१ | स्नातकोत्तर तह उत्तीर्ण |
| २०७५।७६ प्र.७/११ | लेखा अधिकृत | ७ | प्रशासन | लेखा | | ११ | खुला-६<br>महिला-१<br>आ.ज.-१<br>मधेसी-१<br>अपाङ्ग-१<br>पि.क्षे.-१ | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७५।७६ प्र.७/१२ | तथ्याङ्कशास्त्री | ७ | प्रशासन | विविध | तथ्याङ्कशास्त्र | १ | महिला-१ | तथ्याङ्कशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७५।७६ प्रा.७/१३ | इञ्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | २५ | खुला-१४<br>महिला-३<br>आ.ज-३<br>मधेसी-३<br>अपाङ्ग-१<br>पि.क्षे.-१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७५।७६ प्रा.७/१४ | इञ्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रोनिक्स | १ | महिला-१ | इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७५।७६ प्रा.७/१५ | इञ्जिनियर | ७ | प्राविधिक | मेकानिकल | | ७ | खुला-४<br>महिला-१<br>आ.ज.-१<br>अपाङ्ग-१ | मेकानिकल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७५।७६ प्रा.७/१६ | इञ्जिनियर | ७ | प्राविधिक | सिभिल | सिभिल | २९ | खुला-१६<br>महिला-४<br>आ.ज-३<br>मधेसी-३<br>दलित-१<br>अपाङ्ग-१<br>पि.क्षे.-१ | सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७५।७६ प्रा.७/१७ | सर्भे अधिकृत | ७ | प्राविधिक | सिभिल | सर्भे | ६ | खुला-३<br>महिला-१<br>आ.ज.-१<br>मधेसी-१ | सर्भे वा जियोम्याटिक्स इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७५।७६ प्रा.७/१८ | इञ्जिनियर | ७ | प्राविधिक | कम्प्युटर इञ्जिनियरिङ्ग | | ६ | खुला-३,<br>महिला-१<br>आ.ज.-१<br>मधेसी-१ | कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७५।७६ प्रा.७/१९ | जियोलजिष्ट | ७ | प्राविधिक | विविध | जियोलजी | ५ | खुला-३<br>मधेसी-१<br>दलित-१ | जियोलजी वा जियोफिजिक्समा स्नातकोत्तर तह उत्तीर्ण |

**२) सहायक स्तरः**

क) **पदः मिटररिडिङ्ग सुपरभाईजर, तह : ५, सेवा : प्रशासन, समुहः प्रशासन, उपसमुहः प्रशासन**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | समावेशी समुह | | | | | | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | |
| २०७५।७६ प्र.५/१०१ | विराटनगर | ६ | ३ | १ | १ | – | १ | – | – | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७५।७६ प्र.५/२०१ | जनकपुर | ६ | ३ | १ | १ | – | १ | – | – | |
| २०७५।७६ प्र.५/३०१ | हेटौडा | ७ | ४ | १ | – | १ | १ | – | – | |
| २०७५।७६ प्र.५/४०१ | काठमाडौ | ३ | २ | – | – | १ | – | – | – | |
| २०७५।७६ प्र.५/५०१ | पोखरा | ५ | ३ | १ | – | – | १ | – | – | |
| २०७५।७६ प्र.५/६०१ | बुटवल | ११ | ६ | २ | १ | १ | १ | – | – | |
| २०७५।७६ प्र.५/७०१ | नेपालगंज | ३ | २ | – | – | – | १ | – | – | |
| २०७५।७६ प्र.५/८०१ | अत्तरिया | १ | – | – | १ | – | – | – | – | |

ख) **पदः लेखापाल, तहः ५, सेवाः प्रशासन, समूहः लेखा उपसमूहः**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्र.५/१०२ | विराटनगर | ९ | ५ | १ | १ | १ | १ | – | – | वाणिज्यशास्त्र वा व्यापार प्रशासन लिई प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७५।७६ प्र.५/२०२ | जनकपुर | ३ | २ | – | – | – | १ | – | – | |
| २०७५।७६ प्र.५/३०२ | हेटौडा | ४ | २ | – | – | १ | १ | – | – | |
| २०७५।७६ प्र.५/४०२ | काठमाडौ | ३ | २ | – | – | – | १ | – | – | |
| २०७५।७६ प्र.५/५०२ | पोखरा | ३ | २ | – | – | १ | – | – | – | |
| २०७५।७६ प्र.५/६०२ | बुटवल | ४ | २ | – | – | १ | १ | – | – | |
| २०७५।७६ प्र.५/७०२ | नेपालगंज | ६ | ४ | १ | – | – | १ | – | – | |
| २०७५।७६ प्र.५/८०२ | अत्तरिया | ४ | २ | – | १ | १ | – | – | – | |

**ग) पदः सुपरभाईजर, तह : ५, सेवा : प्राविधिक, समुहः ईलेक्ट्रिकल, उपसमुहः ईलेक्ट्रिकल**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.५/१०३ | विराटनगर | ११ | ६ | २ | १ | १ | – | – | १ | ईलेक्ट्रिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण |
| २०७५।७६ प्रा.५/२०३ | जनकपुर | ५ | ३ | १ | – | – | १ | – | – | |
| २०७५।७६ प्रा.५/३०३ | हेटौडा | ११ | ६ | २ | १ | १ | – | १ | – | |
| २०७५।७६ प्रा.५/४०३ | काठमाडौ | १५ | ८ | २ | १ | २ | – | १ | १ | |
| २०७५।७६ प्रा.५/५०३ | पोखरा | १२ | ७ | २ | १ | १ | – | १ | – | |
| २०७५।७६ प्रा.५/६०३ | बुटवल | ५ | ३ | १ | १ | – | – | – | – | |
| २०७५।७६ प्रा.५/७०३ | नेपालगंज | २ | १ | १ | – | – | – | – | – | |
| २०७५।७६ प्रा.५/८०३ | अत्तरिया | ३ | २ | – | – | १ | – | – | – | |

**घ) पदः सुपरभाईजर, तह : ५, सेवा : प्राविधिक, समुहः मेकानिकल, उपसमुहः**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.५/३०४ | हेटौडा | १ | १ | – | – | – | – | – | – | मेकानिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण |
| २०७५।७६ प्रा.५/४०४ | काठमाडौ | ६ | ४ | १ | १ | – | – | – | – | |
| २०७५।७६ प्रा.५/५०४ | पोखरा | ४ | २ | – | – | १ | १ | – | – | |
| २०७५।७६ प्रा.५/६०४ | बुटवल | १ | – | १ | – | – | – | – | – | |

**ङ) पदः सुपरभाईजर, तह : ५, सेवा : प्राविधिक, समुहः सिभिल, उपसमुहः सिभिल**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.५/१०४ | विराटनगर | १ | १ | – | – | | | – | – | सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण |
| २०७५।७६ प्रा.५/४०५ | काठमाडौ | ६ | ३ | १ | १ | १ | – | – | – | |
| २०७५।७६ प्रा.५/५०५ | पोखरा | १ | १ | – | – | – | – | – | – | |
| २०७५।७६ प्रा.५/८०४ | अत्तरिया | १ | १ | – | – | – | – | – | – | |

**च) पदः सिनियर मिटर रिडर, तह : ४, सेवा : प्रशासन, समुहः प्रशासन, उपसमुहः प्रशासन**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्र.४/१०५ | विराटनगर | ९ | ५ | १ | १ | १ | – | – | १ | प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा १०+२ उत्तीर्ण |
| २०७५।७६ प्र.४/२०४ | जनकपुर | ५ | २ | १ | १ | १ | – | – | – | |
| २०७५।७६ प्र.४/३०५ | हेटौडा | ७ | ४ | १ | १ | – | – | १ | – | |
| २०७५।७६ प्र.४/४०६ | काठमाडौ | १७ | ९ | ३ | २ | २ | – | – | १ | |
| २०७५।७६ प्र.४/५०६ | पोखरा | १० | ६ | १ | १ | १ | – | १ | – | |
| २०७५।७६ प्र.४/६०५ | वुटवल | ६ | ४ | – | १ | – | – | १ | – | |
| २०७५।७६ प्र.४/७०४ | नेपालगंज | ११ | ६ | १ | १ | १ | – | १ | १ | |
| २०७५।७६ प्र.४/८०५ | अत्तरिया | २ | १ | १ | – | – | – | – | – | |

**छ) पदः सहायक लेखापाल, तह : ४, सेवा : प्रशासन, समुहः लेखा, उपसमुहः**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्र.४/१०६ | विराटनगर | १३ | ७ | २ | २ | १ | – | – | १ | वाणिज्यशास्त्र वा व्यापार प्रशासन लिई प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७५।७६ प्र.४/२०५ | जनकपुर | १० | ६ | २ | १ | – | – | १ | – | |
| २०७५।७६ प्र.४/३०६ | हेटौडा | ७ | ४ | १ | – | १ | – | १ | – | |
| २०७५।७६ प्र.४/४०७ | काठमाडौ | १ | १ | – | – | – | – | – | – | |
| २०७५।७६ प्र.४/५०७ | पोखरा | ९ | ५ | २ | १ | १ | – | – | – | |
| २०७५।७६ प्र.४/६०६ | वुटवल | ११ | ६ | २ | १ | १ | – | १ | – | |
| २०७५।७६ प्र.४/८०६ | अत्तरिया | १ | – | – | – | १ | – | – | – | |

**ज) पदः फोरमेन तह : ४, सेवा : प्राविधिक, समुहः ईलेक्ट्रिकल , उपसमुहः ईलेक्ट्रिकल ,**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.४/१०७ | विराटनगर | १४ | ८ | २ | २ | १ | १ | – | – | ईलेक्ट्रिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण |
| २०७५।७६ प्रा.४/३०७ | हेटौडा | ११ | ६ | २ | २ | १ | – | – | – | |
| २०७५।७६ प्रा.४/४०८ | काठमाडौ | २७ | १५ | ४ | ३ | ३ | १ | १ | – | |
| २०७५।७६ प्रा.४/५०८ | पोखरा | २१ | ११ | ४ | ३ | २ | १ | – | – | |
| २०७५।७६ प्रा.४/६०७ | वुटवल | १६ | ९ | २ | १ | २ | – | १ | १ | |
| २०७५।७६ प्रा.४/७०५ | नेपालगंज | १५ | ९ | २ | २ | १ | – | – | १ | |
| २०७५।७६ प्रा.४/८०७ | अत्तरिया | ४ | २ | १ | – | १ | – | – | – | |

**झ) पदः फोरमेन, तह : ४, सेवा : प्राविधिक, समुहः मेकानिकल उपसमुहः**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.४/३०८ | हेटौडा | १ | १ | – | – | – | – | – | – | मेकानिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण |
| २०७५।७६ प्रा.४/४०९ | काठमाडौं | ५ | ३ | १ | १ | – | – | – | – | |
| २०७५।७६ प्रा.४/५०९ | पोखरा | १ | १ | – | – | – | – | – | – | |

**ञ) पदः फोरमेन, तह : ४, सेवा : प्राविधिक, समुहः सिभिल , उपसमुहः सिभिल**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.४/३०९ | हेटौडा | १ | – | १ | – | – | – | – | – | सिभिल इन्जिनियरिङ्ग प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण |
| २०७५।७६ प्रा.४/४१० | काठमाडौं | २ | २ | – | – | – | – | – | – | |
| २०७५।७६ प्रा.४/५१० | पोखरा | १ | – | १ | – | – | – | – | – | |

**ट) पदः ईलेक्ट्रिसियन तह : ३, सेवा : प्राविधिक, समुहः ईलेक्ट्रिकल, उपसमुहः ईलेक्ट्रिकल ,**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.३/१०८ | विराटनगर | २८ | १५ | ५ | ३ | ३ | २ | – | – | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उर्त्तीण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि.प्लस ग्रेड ल्याई उत्तीर्ण |
| २०७५।७६ प्रा.३/२०६ | जनकपुर | १ | – | १ | – | – | – | – | – | |
| २०७५।७६ प्रा.३/३१० | हेटौडा | १० | ५ | १ | १ | १ | – | १ | १ | |
| २०७५।७६ प्रा.३/४११ | काठमाडौं | ३८ | २१ | ५ | ५ | ४ | १ | १ | १ | |
| २०७५।७६ प्रा.३/५११ | पोखरा | २२ | १२ | ३ | ३ | २ | १ | – | १ | |
| २०७५।७६ प्रा.३/६०८ | वुटवल | १८ | १० | ३ | ३ | १ | १ | – | – | |
| २०७५।७६ प्रा.३/७०६ | नेपालगंज | १२ | ६ | २ | १ | २ | – | – | १ | |
| २०७५।७६ प्रा.३/८०८ | अत्तरिया | ५ | ३ | – | – | १ | – | – | १ | |

**ठ) पदः जुनियर मिस्त्री तह : ३, सेवा : प्राविधिक, समुहः मेकानिकल,**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.३/१०९ | विराटनगर | १ | १ | – | – | – | – | – | – | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि प्लस ग्रेड ल्याई उत्तीर्ण |
| २०७५।७६ प्रा.३/४१२ | काठमाडौ | ४ | ३ | – | १ | – | – | – | – | |
| २०७५।७६ प्रा.३/५१२ | पोखरा | १ | – | १ | – | – | – | – | – | |
| २०७५।७६ प्रा.३/८०९ | अत्तरिया | १ | १ | – | – | – | – | – | – | |

**ड) पदः जुनियर टेक्निसियन तह : ३, सेवा : प्राविधिक, समुहः सिभिल**

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५।७६ प्रा.३/३११ | हेटौडा | १ | १ | – | – | – | – | – | – | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि प्लस ग्रेड ल्याई उत्तीर्ण |
| २०७५।७६ प्रा.३/४१३ | काठमाडौ | १ | १ | – | – | – | – | – | – | |

**नोटः**

१) दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : दरखास्त फाराम ने.वि.प्रा.को वेबसाइट www.nea.org.np बाट Download गरि A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपि गर्न सकिनेछ। अधिकृतस्तर सबै र काठमाण्डौं क्षेत्रको सहायकस्तरका पदको दरखास्त फाराम नेपाल विद्युत प्राधिकरण, तालिम केन्द्र, खरिपाटी, भक्तपुरमा बुझाउनु पर्नेछ भने अन्य क्षेत्रको सहायक स्तरको पदहरुमा आवेदन गर्दा सम्बन्धित क्षेत्रीय कार्यालयहरु क्रमशः बिराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, नेपालगञ्ज र अत्तरियामै दरखास्त बुझाउनु पर्नेछ।

२) विज्ञापित पदहरुको पाठ्यक्रम प्राधिकरणको Website मा राखिनेछ ।

३) **दरखास्त बुझाउने समय :** दिनको १०.३० बजे देखि ४.०० बजे सम्म ।

४) **<u>परीक्षा दस्तुरः</u>**

**अधिकृत स्तरः** तह १० को लागि रु. २,०००।-, तह ९ र तह ८ को लागि रु. १,५००।-, तह ७ को लागि रु. १२००।- लाग्नेछ भने एक उम्मेदवारले एउटै पदको एक भन्दा बढी समूहमा सहभागी हुने भएमा तह ८ देखि १० को प्रत्येक समूहको लागि रु. ५००।-, तह ७ को प्रत्येक समुहको लागि रु. ४००।-थप दस्तुर लाग्नेछ ।

सहायक स्तरः तह ५ को लागि रु. ८००।- तह ४ र तह ३ को लागि रु. ६००।- लाग्नेछ भने एक उम्मेदवारले एउटै पदको एक भन्दा बढी समूहमा सहभागी हुने भएमा तह ५ को प्रत्येक समुहको लागि थप रु.३००।-, तह ४ र ३ को प्रत्येक समूहको लागी रु. २००।- थप दस्तुर लाग्नेछ ।

काठमाण्डौं बाहेक अन्य क्षेत्रहरुमा दरखास्त दिने उमेदवारले सम्वन्धित कार्यालयमा/कार्यालयले तोकेको बैंकमा परिक्षा दस्तुर वुझाई सक्कल रसिद (भौचर) दरखास्त साथ संलग्न गर्नुपर्नेछ । काठमाण्डौ क्षेत्रको हकमा ने.वि.प्रा. तालिम केन्द्र, खरिपाटी, भक्तपुर कार्यालय परिसर भित्र रहेको कुमारी बैंक लिमिटेडको काउण्टरमा ने.वि.प्रा.केन्द्रीय भुक्तानी महाशाखा नाममा रहेको चल्ति हिसाव नं. ००१०००२२८७३००००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

५) **उमेरः** दरखास्त दिने अन्तिम मिति सम्ममा, अधिकृत स्तरः तह ७ को पदमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उमेदवारको हकमा ४० वर्ष ननाघेको । तह ८ वा सो भन्दा माथिको पदको लागि ४० वर्ष उमेर ननाघेको । सहायक स्तरः तह ३, ४ र ५ का पदमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उमेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

६) नेपाल विद्युत प्राधिकरणको प्रचलित कर्मचारी सेवा शर्त विनियमावली बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।

७) परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।

८) निम्नलिखित कागजातहरुका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ :

(क) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपी

(घ) विदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रतिलिपि ।

(ङ) देहाय बमोजिमका पदका लागि देहाय बमोजिमका थप प्रमाणपत्रका प्रतिलिपि :

(अ) अधिकृतस्तरका इलेक्ट्रिकल/मेकानिकल/सिभिल/सर्भे/कम्प्युटर इन्जिनियर जस्ता पदका लागि नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्र ।

(आ) अधिकृतस्तर चाटर्ड एकाउण्टेण्ट पदका लागि नेपाल चाटर्ड एकाउण्टेण्ट संस्थाबाट सदस्यता प्राप्त गरेको प्रमाणपत्र ।

९) तह ८,९ र १० का पदमा उमेदवार हुन निम्नानुसारको कार्य अनुभव हुनुपर्नेछः

देहाय बमोजिमको निकायमा रहि सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो कार्यानुभवलाई मान्यता दिइनेछः- (क) निजामती तथा अन्य सरकारी निकाय, (ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था, (ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति, (घ) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय, (ङ) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय, (च) अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु, (ज) विश्वविद्यालयका आंगिक क्याम्पस, (झ) सामुदायिक विद्यालय ।

- माथि उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रकृया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिसमेत पेश गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको एकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।
- कुनै एक सरकारी कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत रहेकै अवधिभित्र अन्य संस्थामा कार्य गरेको कार्य अनुभवलाई मान्यता दिइनेछैन ।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।
- प्रतिहप्ता ४० घण्टा भन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा काम गरेको) लाई मान्यता दिइनेछैन ।
- नियुक्ति पत्र वा करारनामामा नै आंशिक रुपमा (पार्ट टाईम) काम गर्ने उल्लखे भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।
- सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मूकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृतस्तरको अनुभव मानिने छैन ।

**१०) तलव, सुविधा र सेवा शर्तः** नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा, शर्त विनियमावली २०७५ र प्राधिकरणको अन्य नियमानुसार ।

**११) कार्य गर्नुपर्ने स्थानः** अधिकृत स्तरका पदहरुको लागि नेपाल राज्यभर । सहायकस्तरका पदहरुको लागि आवेदन फाराम वुझाउने क्षेत्र अन्तर्गतका विभिन्न कार्यालयहरु । तर, हेटौडा क्षेत्रबाट आवेदन बुझाउनेको हकमा सोही क्षेत्र अन्तर्गतका कार्यालय र र नेपालगंज क्षेत्रबाट आवेदन फाराम बुझाउनेका हकमा सो क्षेत्रका अतिरिक्त कर्णाली प्रदेश अन्तर्गतका विभिन्न कार्यालयहरु । कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ अनुसार क्षेत्रीय स्तरवाट विज्ञापन भई नियुक्त हुने कर्मचारीलाई ७ (सात) वर्षसम्म सो क्षेत्र भित्रका कार्यालय वाहेक अन्यत्र सरुवा गरिने छैन । तर महिला र अपाङ्ग कर्मचारीको हकमा ५ (पाँच) वर्ष पुरा भएपछि अन्य प्रादेशिक कार्यालयमा सरुवा गर्न सकिनेछ ।

१२) पदले गर्नु पर्ने कामः सम्वन्धित सेवा, समुह र उपसमुहले गर्नु पर्ने कार्यहरु ।

१३) परीक्षणकालको अवधि : १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र ।

१४) दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदापछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ ।

१५) **उल्लेखित पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सम्वन्धित क्षेत्रमा हुनेछ** र सवै क्षेत्रको एउटै पदको लिखित परीक्षा एकै दिन सञ्चालन हुन सक्नेछ ।

१६) लिखित परीक्षा सम्वन्धि कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

१७) विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१८) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१९) प्राधिकरणमा २०७४ चैत्र मसान्तको रिक्त पदसंख्यामध्ये खुला र समावेशी समूहतर्फ निर्धारित भई विज्ञापन हुन बाँकी रहेको पदसंख्या र २०७६ असार मसान्तसम्मको रिक्त पदहरुमध्ये खुला र समावेशी समूहतर्फ निर्धारित पदसंख्यालाई सम्बन्धित खुला र समावेशी समुहहरुको रिक्त पदसंख्यामा योग गरिएको छ ।

२०) समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न वमोजिमका कागजातहरु समेत अनिवार्य रुपमा दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछः

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सुचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिको हकमा सोही सुचिको आधारमा, तर नेपाल राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको पत्रको प्रतिलिपि ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, वझाङ्ग, वाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउंपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको पत्रको प्रतिलिपि ।

२१) एउटा पदको लागि खुला र समावेशी तर्फका विभिन्न समुहमा समेत आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नु पर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेशपत्रमा खुला र समावेशी समुह मध्ये जुन-जुन समुहको परीक्षामा समावेश हुने हो सो अनुसार तोकिएबमोजिम चिन्ह लगाउनु पर्नेछ ।

**सदस्य-सचिव**
**पदपूर्ति समिति**